# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, वागमती प्रदेश, नेपाल

## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति २०८१।०७।०१ देखि मिति २०८१।०९।२९ सम्मको विवरण)

**(१) निकायको स्वरुप र प्रकृतिः**

काठमाडौं महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौंमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौं महानगरपालिका हो ।

**(२) निकायको काम, कर्तव्य र अधिकारः**

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

**(३) निकायमा रहने कर्मचारी विवरणः**

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

**(४) निकायबाट प्रदान गरिने सेवाः**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौं महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन् । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौं महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, सहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रीय स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरणः

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखको नाम : सरोज गुरागाइँ

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना : rtikmc@gmail.com

: basantakmc@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

काठमाडौं महानगरपालिकाले सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ ।

(१२) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु का.म.पा.को वेवसाइट www.kathmandu,gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८१।८२ को साउन महिनाको १ गतेदेखि पुष मसान्तसम्ममा भएको आर्थिक कारोबारको विवरण यस प्रकार रहेको छ:

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/०९/२९ | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/उप क्षेत्र | वनियोजन | खर्च | खर्च (%) | मौज्दात |
| १ | आ र्थक वकास | ७४,४४,८३,०००.०० | १८,६५,२९,१२१.९१ | २५.०५ | ५५,७९,५३,८७८.०९ |
| १ | कृ ष | ३,३४,००,०००.०० | ११,३९,३७१.०० | ३.४१ | ३,२२,६०,६२९.०० |
| २ | उद्योग | ७,५३,८०,०००.०० | ४९,४९,७३३.२१ | ६.५७ | ७,०४,३०,२६६.७९ |
| ३ | पर्यटन | ३१,०९,२४,०००.०० | १०,३२,१८,९५१.०० | ३३.२ | २०,७७,०५,०४९.०० |
| ४ | सहकारी | २,६५,००,०००.०० | ०.०० | ० | २,६५,००,०००.०० |
| ५ | वत्तीय क्षेत्र | २६,६०,७९,०००.०० | ७,१९,३२,३३१.७० | २७.०३ | १९,४१,४६,६६८.३० |
| ६ | पशुपन्छी वकास | ३,२२,००,०००.०० | ५२,८८,७३५.०० | १६.४२ | २,६९,११,२६५.०० |
| २ | सामाजिक वकास | ५,३४,२९,२५,९२४.०० | ७०,७६,७३,६१८.४३ | १३.२५ | ४,६३,५२,५२,३०५.५७ |
| १ | शक्षा | ३,००,३८,४०,०००.०० | ४२,७०,३४,१४१.१९ | १४.२२ | २,५७,६८,०५,८५८.८१ |
| २ | स्वास्थ्य | १,१०,६९,७५,५००.०० | १५,३३,९०,१०८.३८ | १३.८६ | ९५,३५,८५,३९१.६२ |
| ३ | खानेपानी तथा सरसफाई | २६,६३,५७,०००.०० | ८५,०१,४०६.०६ | ३.१९ | २५,७८,५५,५९३.९४ |
| ४ | भाषा तथा संस्कृति | २७,८५,९२,०००.०० | ४,००,२२,८५७.३८ | १४.३७ | २३,८५,६९,१४२.६२ |
| ५ | लैं गक समानता तथा सामाजिक समावेशीकरण | २६,७२,७६,४२४.०० | ३,००,७८,०१९.३७ | ११.२५ | २३,७१,९८,४०४.६३ |
| ६ | युवा तथा खेलकुद | २७,०३,४७,०००.०० | ४,२४,३०,५३८.०६ | १५.६९ | २२,७९,१६,४६१.९४ |
| ७ | जनसंख्या तथा बसाईसराई | १०,३५,०००.०० | ०.०० | ० | १०,३५,०००.०० |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | १४,८५,०३,०००.०० | ६२,१६,५४७.९९ | ४.१९ | १४,२२,८६,४५२.०१ |
| ३ | पूर्वाधार वकास | ११,३७,३०,१७,२८२.०० | १,५४,७०,०३,९०२.२३ | १३.६ | ९,८२,६०,१३,३७९.७७ |
| १ | यातयात पूर्वाधार | ३,६२,६८,१३,०३८.४० | ३१,९७,१८,९०४.४६ | ८.८२ | ३,३०,७०,९४,१३३.९४ |
| २ | भवन, आवास तथा सहरी वकास | ४,४१,८३,०५,३८०.८० | ८४,०९,३५,७८५.५० | १९.०३ | ३,५७,७३,६९,५९५.३० |
| ३ | उर्जा | ७,३०,३७,४८०.०० | ६४,५५,९६७.५४ | ८.८४ | ६,६५,८१,५१२.४६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | संचार तथा सूचना प्रबि ध | ६,७४,०४,८६८.०० | ५३,६६,३६९.४२ | ७.९६ | ६,२०,३८,४९८.५८ |
| ५ | सम्पदा पूर्वाधार | २,८६,६३,८४,८६०.०० | ३०,२७,७६,१०६.४५ | १०.५६ | २,५६,३६,०८,७५३.५५ |
| ६ | बिज्ञान तथा प्रबि ध | २,२८,००,०००.०० | ४९,३३,४२०.९५ | २१.६४ | १,७८,६६,५७९.०५ |
| ७ | पुनर्निर्माण | २९,८२,७१,६५४.८० | ६,६८,१७,३४७.९१ | २२.४ | २३,१४,५४,३०६.८९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,२४,६९,९१,९८५.०० | २६,१६,६२,३३८.०९ | ८.०६ | २,९८,५३,२९,६४६.९१ |
| १ | वातावरण तथा जलवायु | १,४३,५८,२८,०००.०० | १३,७२,७२,९७१.९९ | ९.५६ | १,२९,८५,५५,०२८.०१ |
| २ | वपद व्यवस्थापन | २०,५७,००,०००.०० | ३,२३,९४,५५६.११ | १५.७५ | १७,३३,०५,४४३.८९ |
| ३ | मानब संशाधन वकास | ५,७५,५०,०००.०० | ६४,९९,०५१.३८ | ११.२९ | ५,१०,५०,९४८.६२ |
| ४ | शान्ति तथा सुव्यवस्था | ५८,८०,२७,०००.०० | ७१,३३,६५१.२२ | १.२१ | ५८,०८,९३,३४८.७८ |
| ५ | परराष्ट्र | ५०,००,०००.०० | २७,६१,९८९.८७ | ५५.२४ | २२,३८,०१०.१३ |
| ६ | कानुन तथा न्याय | १८,५२,८०,०००.०० | ६४,१०,४३४.३० | ३.४६ | १७,८८,६९,५६५.७० |
| ७ | शासन प्रणाली | ५१,८५,५०,०००.०० | ५,०९,२४,८८१.१० | ९.८२ | ४६,७६,२५,११८.९० |
| ८ | तथ्यांक प्रणाली | ७,९५,०००.०० | ४,०५,७९२.०० | ५१.०४ | ३,८९,२०८.०० |
| ९ | श्रम तथा रोजगारी | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | ५७,००,०००.०० | ९,५८,२५७.०९ | १६.८ | ४७,४१,७४२.९१ |
| ११ | अनुगमन तथा मूल्यांकन | ७६,६१,९८५.०० | ४,८८,४३८.२६ | ६.३७ | ७१,७३,५४६.७४ |
| १२ | प्रशासकीय सुशासन | २३,१४,००,०००.०० | १,५४,३७,८९०.७७ | ६.६७ | २१,५९,६२,१०९.२३ |
| १३ | वत्तीय सुशासन | ४०,००,०००.०० | ९,७४,४२४.०० | २४.३६ | ३०,२५,५७६.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४,१९,८९,०६,८०९.०० | १,६७,४९,५४,८१२.८६ | ३९.८९ | २,५२,३९,५१,९९६.१४ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४,१९,८९,०६,८०९.०० | १,६७,४९,५४,८१२.८६ | ३९.८९ | २,५२,३९,५१,९९६.१४ |
| कुल जम्मा | | २४,९०,६३,२५,०००.०० | ४,३७,७८,२३,७९३.५२ | १७.५७ | २०,५२,८५,०१,२०६.४८ |

## (१३) तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np मा रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८१/०८२ को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ। सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np मा रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८१।०७।०१ देखि मिति २०८१।०९।२९ गतेसम्ममा सूचना माग गर्नुहुने देहायका ५३ जना निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ ।

| सि.नं. | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कैफियत |
|---|---|---|---|
| १ | जयन्ति विक्रम राण का.म.पा.-१५, काठमाडौँ | स्वयम्भु-४ जडोलस्थित कि.नं. १३८१ को जग्गामा ढल सम्बन्धी कार्य गर्न विभिन्न व्यक्तिका साथ का.म.पा. नगर प्रहरी गएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २. | अंगराज भारती चन्दननाथ न.पा.-०४, जुम्ला | का.म.पा. र एन.आई.सी. एसिया बैंकबिच का.म.पा. र वडा कार्यालयहरुमा बैंक काउन्टर राख्ने सम्झौता सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३. | रामहरी सापकोटा देवचुली न.पा.-०५, नवलपुर | का.म.पा. प्रमुखज्यूबाट संवत् २०८१ श्रावण २३ मा The Chandbagh School खाली गराउने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि । | सूचना उपलब्ध गराइएको । |
| ४. | दिपक विक्रम मिश्र नागार्जुन न.पा.-०५, काठमाडौँ | का.म.पा. क्षेत्रभित्र फोहरमैला संकलन सम्बन्धी विविध विषयको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५. | सुदिप फुयाल मुलपानी, काठमाडौँ | मुलपानीस्थित क्रिकेट रङ्गशालामा आवासगृह निर्माणार्थ का.म.पा.बाट भएको आर्थिक सहयोग सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ६. | केशव भुल नयाँ बानेश्वर, काठमाडौँ | का.म.पा.क्षेत्रभित्र सडक पेटीमा विछ्याइएका ब्लकको मूल्य लगायतका विषयहरुको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ७. | मोनिका वाइबा शंखरापुर-५, काठमाडौँ | फुटपाथ निर्माणसम्बन्धी ठेक्का र सम्झौता सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ८. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.क्षेत्रभित्र सञ्चालित फार्मेसीहरुको नवीकरण र सो उपर अनुगमन भए नभएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ९. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | काठमाडौँ महानगरपालिकाले गलत समाचार प्रकाशन प्रशारण गरेको भनी हिमालय टेलिभिजन र नेपाल समाचारपत्रविरुद्द प्रेस काउन्सिलमा गरेको उजुरी सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १० | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | गुठी वा निजी जग्गामा मोटरसाइकल पार्किङ गर्न पुरा गर्नुपर्ने औपचारिक प्रक्रियाको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ११. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | गौशाला पशुपतिस्थित धर्मशाला र का.म.पा.बिचको विवाद सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १२. | सागर जोशी | का.म.पा.ले कुहिने र नकुहिने फोहोर संकलन गर्ने पद्दतिको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | का.म.पा.-२१, काठमाडौँ | | |
| १३. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | बाढी प्रभावित नागरिकहरुलाई का.म.पा.ले उपलब्ध गराएको राहत सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १४. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.ले स्वास्थ्य उपचारमा प्रदान गर्ने सहायता र सहुलियत सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १५. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.क्षेत्रभित्र फुटपाथ पुन:निर्माण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १६. | प्रजु पन्त काठमाडौँ | का.म.पा.सहकारी विभागले अध्ययन गरेका ४० सहकारी संस्थाहरुको प्रतिवेदन सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १७. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | अनधिकृत पार्किङ जरिवाना र पैदलयात्रीमैत्री सडक सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १८. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | आर्थिक रुपमा विपन्न र असहाय नागरिकहरुलाई का.म.पा.ले उपलब्ध गराउने स्वास्थ्य सहुलियत सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १९. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा भित्र सञ्चालित संस्थागत विद्यालयहरुको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २०. | ध्रुव रिजाल विराटनगर-५, मोरङ | हिल्टन होटल र के.एल.टावरले का.म.पा. भवन निर्माण मापदण्ड-२०७५ अनुरुपको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २१. | मोनिका वाइबा शंखरापुर-५, काठमाडौँ | का.म.पा. क्षेत्रभित्र फुटपाथ निर्माणार्थ गरिएको टेण्डर प्रक्रियामा सहभागी भएका निर्माण व्यवसायीहरुको सुची सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २२. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.ले प्लाष्टिक फुलको विक्री वितरणमा रोक लगाउनुको कारण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २३. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.ले जमलस्थित ग्राण्डी सिटी अस्पतालमा कारबाही गरेको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २४. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.ले सञ्चालन गर्ने सुलभ फार्मेसीको तयारी र प्रगति सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २५. | सागर जोशी | काष्ठमण्डप पुन:निर्माणबारे प्राविधिक र वित्तिय समितिले प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | का.म.पा.-२१, काठमाडौँ | | |
| २६. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | न्यूरोडस्थित फुटपाथ विस्तारको प्रगति सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २७. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | CAAN र महानगरको विवाद सम्बन्धमा उच्च अदालत पाटनमा दायर भएको रिटको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २८. | मोनिका वाइबा शंखरापुर-५, काठमाडौँ | का.म.पा. र ल्होत्से बहुउद्देश्यीय प्रा.लि.बिच भएको सम्झौताको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २९. | लेखनाथ भट्टराई खोटेहाङ गा.पा.-६, खोटाङ | काठमाडौँ महानगरपालिकाबाट स्वास्थ्य प्रयोगशाला सञ्चालन गर्न अनुमति प्राप्त गरेका संस्थाहरुको नामावली सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३०. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | फुटपाथ निर्माण सम्बन्धमा भएको पूर्व निर्णय सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३१. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | अनधिकृत पार्किङ सञ्चालन गरेको उपर गरिएको गुनासो सम्बोधनको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३२. | अर्चना दर्जी सप्तकोशी-५, सप्तरी | सहकारी संस्था विरुद्ध महानगरमा परेको उजुरीका सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३३. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.क्षेत्रभित्र सञ्चालित अस्पतालहरुको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३४. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.क्षेत्रभित्र सञ्चालित संस्थागत विद्यालयहरुको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३५. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा. वातावरण व्यवस्थापन विभागमा दायर गरेको उजुरीको फलो अप सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३६. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.क्षेत्रभित्र फोहरमैला व्यवस्थापन र Waste Segregation सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३७. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.ले CCTV मार्फत फोहरमैला व्यवस्थापन र निगरानी गर्ने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| ३८. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.क्षेत्रभित्र प्लाष्टिकजन्य पदार्थको प्रयोगमा न्यूनीकरण गर्ने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३९. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.ले प्रमुख प्रशासकीय अधिकृतलाई निलम्बन गरे नगरेको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४०. | रामेश्वर त्रिपाठी काभ्रेपलाञ्चोक | काठमाडौँ टावरको नक्सा संशोधनको लागि पेश भएको निवेदन र सो उपर भएको निर्णयको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४१. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | महाबौद्ध मन्दिर वरिपरि मोटरसाइकल पार्किङ गर्न पाइने नपाइने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४२. | दिपक विक्रम मिश्र नागार्जुन न.पा.-०५, काठमाडा | भद्रकाली मन्दिर र सुन्धारा पुनःनिर्माण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४३. | उत्तम बहादुर श्रेष्ठ का.म.पा.-१०, काठमाडौँ | काठमाडौँ उपत्यकाभित्र खोलाछेउका जग्गासम्बन्धी मापदण्डको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४४. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.ले सडक विभागको गेटमा फोहर उपहार पठाएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४५. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.क्षेत्रभित्र सञ्चालित संस्थागत विद्यालयहरुले शिक्षा नियमावलीको पालना गरे नगरेको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४६. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | प्लाष्टिकजन्य पदार्थको प्रयोग न्यूनीकरणका लागि का.म.पा.ले अनुगमन गरे नगरेको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४७. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | फुटपाथ विस्तार कार्यदलको प्रगति विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४८. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | बालश्रमिक राख्ने सांसद रेखा कुमारी शर्माविरुद्द महानगरको उजुरी सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४९. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | सांसद रेखा कुमारी शर्माको निवासबाट उद्दार गरिएकी श्रमिक बालिकाको वर्तमान अवस्थाको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५०. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | नदि छेउका जग्गाको प्रयोग र संरक्षण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| ५१. | मोनिका वाइबा<br>शंखरापुर-५,<br>काठमाडौँ | का.म.पा. र ल्होत्से बहुउद्देश्यीय प्रा.लि.बीचको सम्झौता अनुरुप तयार गर्नुपर्ने त्रैमासिक प्रतिवेदनको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५२. | प्रविता श्रेष्ठ<br>नगरकोट न.पा.-५,<br>भक्तपुर | टुँडिखेलमा निर्माणाधिन संरचनाको गुरुयोजनाको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५३. | प्रविता श्रेष्ठ<br>नगरकोट न.पा.-५,<br>भक्तपुर | संवत् २०७२ को भुकम्प पश्चात् पुन:निर्माण र प्रबलीकरण गरिएका सम्पदाहरुको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |

२०) **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :** महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौँ महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौँ महानगरपालिकाको बुलेटिन, metronews.kathmandu.gov.np को अनलाइन पत्रिका र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौँ र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।